# प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्ने वा काम काज खटाउने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८०

नेपाल सरकार

**गृह मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्ने वा काम काज खटाउने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८०

*माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्रीस्तरबाट स्वीकृत मितिः २०७९।१०।३ गते*

*माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्रीस्तरबाट* प्रथम संशोधन मितिः२०८०।०२।३१

*माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्रीस्तर बाट* दोस्रो संशोधन मितिः२०८०।१२।२

**प्रस्तावना**: नेपाल सरकारको प्रतिनिधिका रूपमा जिल्लामा खटिने प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्दा वा काज खटाउँदा नेतृत्व र समन्वय क्षमता, सुरक्षा व्यवस्थापन सम्बन्धी ज्ञान, स्थानीयस्तरको कार्य अनुभव, रुची, दक्षता र वरिष्ठताको आधारमा सरल, पारदर्शी एवम् अनुमानयोग्य रूपमा गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्ने वा काज खटाउने सम्बन्धी कार्यविधि, (दोस्रो संशोधन) २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ।

(ख) "विभाग" भन्नाले मन्त्रालय मातहत रहेका विभागहरू सम्झनु पर्छ।

(ग) "अधिकृत" भन्नाले राजत्रांकित प्रथम श्रेणीको अधिकृत सम्झनु पर्छ र सो शब्दले राजपत्रांकित द्वितीय श्रेणीको कर्मचारी समेतलाई जनाउछ।

घ) "सामान्यतया एक वर्ष" भन्नाले दुई सय तेत्तिस दिन रुजु हाजिर भएको अवधिलाई जनाउछ।

(ङ) "थप वा विशेष जिम्मेवारी" भन्नाले गृह प्रशासनको कार्य अनुभव तथा कार्य सम्पादन क्षमता समेतको आधारमा प्रदेशको राजधानी भएको जिल्लामा जिम्मेवारी दिन वा निर्वाचन वा विपद् व्यवस्थापन जस्ता विशेष कार्य सम्पादन गर्न खटाइएको जिम्मेवारीलाई सम्झनुपर्छ।

३. <u>योग्य हुने</u>: (१) देहायका अधिकृत कर्मचारी प्रमुख जिल्ला अधिकारीको पदमा पदस्थापना वा सरुवा हुन वा काज खटाउन योग्य हुनेछन्:

(क) राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारीको हकमा,

(अ) राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी हुने 'क' वर्गको जिल्लामा मन्त्रालय, विभाग वा अन्तर्गत कार्यालयमा सामान्यतया एक वर्ष काम गरेको ,

(आ) राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई खटाउनु पर्ने अवस्थामा उक्त श्रेणीको पदमा सामान्यता एक वर्षको गृह प्रशासनको अनुभव सहित सोही पदमा पाँच वर्षको प्रशासनिक क्षेत्रको कार्य अनुभव भएको,

(इ) कानूनमा स्नातक तह उत्तीर्ण वा मान्यता प्राप्त संस्थाबाट कम्तिमा तीन महिनाको न्याय तथा कानून सम्बन्धी प्रशिक्षण लिएको।

(ख) राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारीको हकमा,

(अ) राजपत्राङ्कित द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी वा इलाका प्रशासन कार्यालयको प्रमुख भई वा मन्त्रालय, विभाग वा अन्तर्गत सामान्यतया एक वर्ष काम गरेको,

(आ) कानूनमा स्नातक तह उत्तीर्ण वा मान्यता प्राप्त संस्थाबाट कम्तिमा तीन महिनाको न्याय तथा कानून सम्बन्धी तालिम प्राप्त गरेको।

४. <u>प्राथमिकता दिइने</u>: (१) प्रमुख जिल्ला अधिकारीको पदस्थापना वा सरुवा गर्दा वा काज खटाउँदा देहायका आधारमा प्राथमिकता दिइनेछ:

(क) पहिलो पटक प्रमुख जिल्ला अधिकारी खटाउँदा मन्त्रालय, विभाग वा अन्तर्गत कार्यालयमा कार्यरत राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणीका अधिकृतमध्ये वरिष्ठ अधिकृतलाई,

(ख) काठमाडौं उपत्यकाका जिल्लामा पदस्थापन वा सरुवा गर्दा वा काज खटाउँदा 'ख' र 'ग' वर्गका जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारी भई अनुभव हासिल गरिसकेको अधिकृतलाई,

नेपाल सरकार
गृह मन्त्रालय

(ग) प्रदेश राजधानी भएको जिल्ला हकमा मन्त्रालय, विभाग वा अन्तर्गत कार्यालयमा वा प्रमुख जिल्ला अधिकारी भई सामान्यतया एक वर्षको कार्य गरिसकेका अधिकृतलाई।

(घ) गृह सचिव र प्रमुख जिल्ला अधिकारीबीच हुने कार्यसम्पादन सम्झौताको मूल्याङ्कनमा उत्कृष्ट हुने तीन जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई।

५. <u>पदस्थापन वा सरुवा नगरिने वा नखटाइने:</u> (१)देहायका अधिकृतलाई प्रमुख जिल्ला अधिकारीको पदमा पदस्थापन वा सरुवा गरिने वा काज खटाइने छैन:

(क) विभागीय सजाय पाएको भए सो अवधिभर वा विभागीय कारवाहीको प्रक्रिया प्रारम्भ भएको भए सो प्रक्रिया नटुङ्गिएसम्म।

(ख) कार्यसम्पादन सम्झौताको मूल्याङ्कनमा ९० प्रतिशत भन्दा कम अङ्क ल्याई अन्तिम तीनमा रहने तीन जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई तत्काल अर्को जिल्लामा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइने छैन।

(ग) राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी रहने पदमा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी उपलब्ध हुन नसक्ने अवस्थामा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई खटाउँदा उक्त पदमा गृह प्रशासनको सामान्यतया एक वर्षको कार्य अनुभव सहित पाँच वर्ष पुरा नभएका अधिकृतलाई।

(घ) राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी रहने पदमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई खटाउँदा 'ग' वर्गका जिल्लामा खटाइनेछ।

(ङ) कर्मचारीको स्थायी ठेगाना भएको जिल्लामा प्रमुख जिल्ला अधिकारीको रूपमा पदस्थापन, सरुवा गर्न वा काजमा खटाइने छैन।

६. <u>पदस्थापन वा सरुवा गर्ने वा काज खटाउने प्रयोजनको लागि जिल्लाको वर्गीकरण र आधार सम्बन्धी व्यवस्था:</u> (१) राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारीको पदमा पदस्थापन वा सरुवा गरिने वा काजमा खटाइने प्रयोजनको लागि ६१ जिल्लालाई अनुसूची-१ बमोजिम वर्गीकरण गरिएको छ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गरिएको जिल्लामा देहायका आधारमा प्रमुख जिल्ला अधिकारीको पदस्थापना वा सरुवा गरिने वा काजमा खटाइनेछ:

(क) राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई पहिलो पटक प्रमुख जिल्ला अधिकारीको रूपमा खटाउँदा अनुसूची बमोजिम 'ख' वा 'ग' वर्गको जिल्लामा खटाइनेछ।

नेपाल सरकार
गृह मन्त्रालय

तर, मन्त्रालयको महाशाखा प्रमुख वा विभागमा महानिर्देशक भई सामान्यतया एक वर्ष कार्यसम्पादन गरेको अधिकृतलाई 'क' वर्गको जिल्लामा खटाउन बाधा पर्ने छैन।

<u>स्पष्टीकरण</u>: यस उपखण्डको प्रयोजनको लागि पहिलो पटक भन्नाले यो कार्यविधि प्रारम्भ भएपछि अन्य निकायबाट सरुवा भई यस मन्त्रालयमा आएका अधिकृतलाई प्रमुख जिल्ला अधिकारीको रुपमा खटाएको पटकलाई पहिलो पटक सम्झनु पर्छ।

(ख) राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी रहने जिल्लामा प्रमुख जिल्ला अधिकारी खटाउँदा मन्त्रालय, विभाग वा अन्तर्गतका कार्यालयमा सामान्यतया एक वर्ष काम गरेको अधिकृतलाई,

(ग) अनुसूची बमोजिम 'ग' वर्गको जिल्लामा प्रमुख जिल्ला अधिकारी भएको अधिकृतलाई 'ख' वा 'क' वर्गको जिल्लामा प्रमुख जिल्ला अधिकारीमा प्राथमिकता दिई खटाइनेछ ।

(३) गृह सचिव र प्रमुख जिल्ला अधिकारीबीच हुने कार्यसम्पादन सम्झौताको उपलब्धिस्तरको औसत अङ्कलाई समेत प्रमुख जिल्ला अधिकारीको पदस्थापन, सरुवा वा काजमा खटाउने आधार बनाइनेछ।

७. <u>कामकाज गर्ने अवधिः</u> (१) एउटा जिल्लामा प्रमुख जिल्ला अधिकारीको कामकाज गर्ने अवधि सामान्यतया एक वर्षको हुनेछ।

तर, यस अघि राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा खटाईएका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूको कामकाज गर्ने अवधि पुरा नहुदै सरुवा वा कामकाजमा खटाउन बाधा पर्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले प्रमुख जिल्ला अधिकारीमा खटाइएको अधिकृत कर्मचारीलाई देहायको कुनै एक वा सो भन्दा बढी विशेष परिस्थिति देखिएमा सामान्यतया एक वर्षको सेवा अवधि पुरा नहुदै सरुवा गर्न वा कामकाजमा खटाउन सक्नेछ ।

(क) थप वा विशेष जिम्मेवारी दिनु परेमा,

(ख) विशेष कारण जनाई सरुवा माग गरेमा,

(ग) विगतमा यस मन्त्रालय अन्तर्गत कार्य गरेको सम्बन्धित कर्मचारीको अनुभव र नेतृत्व क्षमता,

(घ) सेवा प्रवाह सम्बन्धमा जिल्लाबाट प्राप्त गुनासो एवम् सिकायतको अवस्था,

(ङ) जिल्लाभित्र शान्ति सु-व्यवस्था कायम गर्ने सम्बन्धमा जिल्लामा सुरक्षा समन्वयको भूमिका,

(च) राजस्व चुहावट तथा तस्करी नियन्त्रणको अवस्था,

(छ) विकास निर्माण एवम् सेवा प्रवाहको सहजीकरण र अन्तर निकाय समन्वयको अवस्था,

(ज) कार्यरत कर्मचारीको आचरण, अनुशासन एवम निष्ठा र नैतिकताको अवस्था,

(झ) सेवा निवृत हुने अवस्थामा पूर्व तयारी व्यवस्थापन र

(ञ) छानवीन तथा अनुशासन सम्बन्धी कारवाहीको अवस्था।

८. <u>मन्त्रालय, विभाग वा अन्तर्गत कार्यालयमा पदस्थापना वा सरुवा गरिने वा काजमा खटाइने:</u> (१) निरन्तर तीनवटा जिल्लाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी बहन गरिसकेका राजपत्रांकित प्रथम श्रेणीका अधिकृतलाई मन्त्रालय, विभाग वा अन्तर्गत कार्यालयमा एक अवधिको लागि प्रमुख जिल्ला अधिकारी बाहेकको जिम्मेवारीमा खटाइनेछ।

(२) एक अवधि प्रमुख जिल्ला अधिकारी भइसकेको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई सहायक प्रमुख जिल्ला अधिकारीमा वा मन्त्रालय, विभाग वा अन्तर्गतको कार्यालयको समान पदमा खटाई एक कार्यकाल सकिएपछि मात्रै प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा खटाइनेछ।

९. <u>कार्यविधि आन्तरिक प्रयोजनको लागि मात्र हुने:</u> (१) यो कार्यविधि मन्त्रालयको आन्तरिक प्रयोजनको लागि मात्र हुनेछ।

१०. <u>प्रचलित कानून बमोजिम हुने:</u> (१) यस कार्यविधिमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनमा भएको व्यवस्था नै लागू हुनेछ।

११. <u>संशोधन वा खारेज हुने:</u> (१) मन्त्रालयले यस कार्यविधिमा भएका व्यवस्था संशोधन गर्न वा खारेज गर्न सक्नेछ।

## अनुसूची-१

(दफा (६) को उपदफा (१), उपदफा (२) को खण्ड (क),(ग) र(घ) सँग सम्बन्धित)

राजपत्राङ्कित प्रथम श्रेणीका प्रमुख जिल्ला अधिकारीहरूको पदस्थापन वा सरुवा वा काजको लागि जिल्लाहरूको वर्गीकरण

| 'क' | 'ख' | 'ग' |
|---|---|---|
| काठमाडौं | इलाम | अछाम |
| कास्की | उदयपुर | अर्घाखाँची |
| कैलाली | कञ्चनपुर | ओखलढुंगा |
| चितवन | कपिलवस्तु | खोटाङ |
| झापा | गोरखा | गुल्मी |
| पर्सा | तनहुँ | जाजरकोट |
| बाँके | धादिङ | जुम्ला |
| मकवानपुर | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | डडेल्धुरा |
| मोरङ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | दैलेख |
| रूपन्देही | नुवाकोट | पर्वत |
| ललितपुर | पाल्पा | पाँचथर |
| सुनसरी | बर्दिया | प्युठान |
| *धनुषा | बारा | बैतडी |
| *भक्तपुर | *रामेछाप | भोजपुर |
| *काभ्रेपलान्चोक | सिन्धुली | रोल्पा |
| *दाङ | *डोटी | लमजुङ |
| *सूर्खेत | *दोलखा | सल्यान |
| | *धनकुटा | संखुवासभा |
| | महोत्तरी | |
| | रौतहट | |
| | वागलुङ | |
| | सप्तरी | |
| | सर्लाही | |
| | स्याङ्जा | |
| | सिन्धुपाल्चोक | |
| | सिरहा | |

*दोस्रो संशोधनद्वारा संशोधित